


कुलो सफाईमा एकता: सोह्र खौंसा नहर अन्तर्गत तिलोत्तमाको शंकरनगर क्षेत्रमा सफाई गर्दै स्थानीयहरु। सिंचाईका लागि प्रयोग हुँदै आएको यो नहरको यसरी नै बेला बेलामा स्थानीयहरुले सामूहिक रुपमा सफाई गर्दै आएका छन्। तस्वीरः विश्वास ढकाल/बुटवल टुडे।

[illegible] गर्ने उद्देश्यले खेल आयोजना गरेको विद्यालयका प्रधानाध्यापक कुलप्रसाद लामिछानेले बताए। कक्षा ९ देखि १२ कक्षा सम्मका व्यवस्थापन, शिक्षा, कानुन, विज्ञान, प्राविधिक शिक्षा, डिएक्सम का १९ ग्रुप खेलमा सहभागी हुने खेल संयोजक पदम चौधरीले बताए। विद्यार्थीको आन्तर्निहित प्रतिभालाई उजागर गर्दै विद्यालयले भलिबल, क्रिकेट, फुटबल, फुटसल लगायतका



खेलहरू गर्दै आएको प्लस टु संयोजक राजेन्द्र केसीले बताए।

प्रतियोगिताबाट प्रथम, द्वितीय र तृतीय हुनेलाई प्रमाण पत्र, ट्रफि र मेडलले सम्मान गरिने विद्यालयका इसिए इन्चार्ज सुशिल पाण्डेले जानकारी दिए। शुक्रबार पहिलो चरणको खेल सम्पन्न भएको छ। पहिलो चरणको खेलका विजेताहरूसेमिफाइनलमा पुगेका छन्। सेमिफाइनलमा प्रवेश गर्नेहरू कक्षा १२ विज्ञान समूह, स्कुल टिम ए, स्कुल टिम बी, सिटिईभिटी ए, बि, शिक्षा शंकाय कक्षा १२, कक्षा ११ के, कक्षा ११ व्यवस्थापन संकाय डी रहेका छन्। सेमिफाइनल र फाइनल खेल शनिबार हुने इसिए इन्चार्ज पाण्डेले जानकारी दिए।

# नवनियुक्त मन्त्रीहरूले लिए पद तथा गोपनियताको शपथ



काठमाडौं, १७ चैत। नवनियुक्त मन्त्रीहरूले शपथ लिएका छन्। शुक्रबार राष्ट्रपति भवन शीतल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त मन्त्रीहरूलाई शपथ ग्रहण गराएका हुन्।

प्रधानमन्त्री पुष्पकमल दाहालले काँग्रेस, नेकपा एकीकृत समाजवादी पार्टी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीलाई समेटेर मन्त्रिपरिषद् पुनर्गठन गरेका हुन्।काँग्रेसका पूर्णबहादुर खड्का उपप्रधानसहित रक्षा, नेकपा एकीकृत समाजवादीका डा. बेदुराम भुसाल कृषि तथा पशुपन्छी र जसपाका अशोक राईले शिक्षा मन्त्रालय पाएका छन्।

डा. प्रकाशशरण महत अर्थ, रमेश रिजाल उद्योग वाणिज्य तथा आपूर्ति र सीता गुरुङ शहरी विकासमन्त्री भएकी छन्।यसअघि उपप्रधानसहित भौतिक मन्त्रालयको जिम्मेवारी पाएका माओवादी नेता नारायणकाजी श्रेष्ठले गृहमन्त्रालयको जिम्मेवारी पाएका छन्। नेसपाका महिन्द्र राययादव महिला बालबालिका, माओवादीका शक्ति बस्नेत ऊर्जा तथा जलश्रोत, एकीकृत समाजवादीका प्रकाश ज्वाला, भौतिक योजना, नागरिक उन्मुक्तीका रञ्जिता श्रेष्ठ भूमि व्यवस्था मन्त्रालयको जिम्मेवारी पाएका छन्। प्रधानमन्त्री प्रचण्डले ५ वटा मन्त्रालय भने आफैसँग राखेका छन्।

## लुम्बिनीमा वित्तीय साक्षरता तालिम

बुटवल (बुटवलटुडे), १७ चैत- लुम्बिनी बचत तथा ऋण सहकारी संस्थालि. बुटवल-४को आयोजनामा देविनगर सेवा केन्द्रमा आवद्ध भएका नयाँ शेयर सदस्यहरूलाई ६६ औं राष्ट्रिय सहकारी दिवसको सप्ताह व्यापी कार्यक्रम अन्तर्गत यस संस्थाले "आधारभूत सहकारी शिक्षा तथा वित्तिय साक्षरता तालिम" प्रदान गरेको छ।



नेफस्कून फिल्ड कार्यालय बुटवलका व्यवस्थापक तथा प्रशिक्षक छत्र पम्मालाले "आधारभूत सहकारी शिक्षा तथा वितीय साक्षरता तालिम" विषयक कार्यपत्र प्रस्तुत गरेकाथिए।

संस्थाका अध्यक्ष महेश्वर प्रसाद श्रेष्ठ, श्री अन्टार्कटिका भुवन सिंह बिश्वकर्मा, व्यवस्थापक विनोद प्रताप ज.ब.रा. लगायतको सहभागीता थियो। महिला उपसमिति संयोजक मुजिता शेरचन, डा. हिरण्य लाल ज्ञवाली, डा.द्वारिका प्रसाद प्रधान लगायतको सहभागीता रहेको थियो।

## उपनिर्वाचन : तनहुँ र बारामा २६ दल दर्ता

काठमाडौं, १७ चैत। निर्वाचन आयोगले आगामी वैशाख १० मा हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि दर्ता भएको राजनीतिक दलको विवरण सार्वजनिक गरेको छ।



उपनिर्वाचनका लागि तनहुँ निर्वाचन क्षेत्र नं १ र बारा निर्वाचन क्षेत्र नं २ का लागि आयोगको निर्णयअनुसार २६ राजनीतिक दल दर्ता भएका छन्। चितवन क्षेत्र नं.२ का लागि राजनीतिक दल दर्ताको विवरण यसअघि सार्वजनिक भइसकेको छ।

उपनिर्वाचनका लागि तोकिएबमोजिमको ढाँचामा मतदाता नामावली उपलब्ध गराउने व्यवस्था मिलाउन आयोगले प्रदेश र जिल्ला निर्वाचन कार्यालयलाई निर्देशन दिने निर्णय गरेको छ।

## भैरहवामा मेयर कप चैत २२ गतेदेखि


भैरहवा (बुटवलटुडे) १७ चैत। सिद्धार्थनगर नगरपालिकाको आयोजनामा चैत्र २२ गते देखि भैरहवामा मेयर कप क्रिकेट प्रतियोगिताको आयोजना हुँदैछ। सिद्धार्थनगर नगर पालिकाका प्रमुख प्रशासकिय अधिकृत नवराज पौडयालका अनुसार टि ट्वाईन्टी फर्मेटमा खेलाईने उक्त प्रतियोगितामा नगरका १३ वटै वडाका टिमहरूले सहभागीता जनाउँदै छन्। भैरहवामा रहेको सिद्धार्थ क्रिकेट रङ्गशालामा आयोजना हुने प्रतियोगिताको प्रथम हुनेले नगद ५१ हजार रुपैया, दोश्रो हुनेले २५ हजार प्राप्त गर्ने पौडयालले बताए।




यस्तै प्रतियोगिताको म्यान अफ द सिरिजले ११ हजार, उत्कृष्ट बलर र ब्याट्सम्यानले ५/५ हजार तथा प्रत्येक खेलमा एक जना म्यान अफ द म्याचलाई नगद १ हजार रुपैया प्रदान गरिने उनले बताए। यस बाहेक प्रतियोगिताको आकर्षणको रुपमा ह्याट्रिक विकेट र छक्का हान्ने खेलाडीलाई पनि १ हजार १ सय रुपैयाको दरले पुरस्कृत गरिने पौड्यालले बताए। सुरु देखि नै मेयर कप हुँदै आए पनि कोभिडको कारण केही बर्ष देखि प्रतियोगिता हुन सकिरहेको थिएन। सोही प्रतियोगितालाई निरन्तरता दिन तथा नगर स्तरमा क्रिकेटका खेलाडी उत्पादन गर्ने लक्ष्य सहित मेयर कप आयोजना गरिएको नगर प्रमुख ईस्तियाक अहमद खाँनले बताए। नगरपालिकाकी उप-मेयर उमा अधिकारीले आगामी दिनमा महिला खेलाडीहरूलाई प्रोत्साहित गर्ने गरि विद्यालय स्तरिय उप-मेयर कपको पनि आयोजना गर्ने तयारी भईरहेको बताइन।

## अटिजम केयर सोसाइटी लुम्बिनीमा गठन

बुटवल, १७ चैत- अटिजम केयर [illegible]



नमुना माध्यामिक विद्यालयले सञ्चालन [illegible]


लुम्बिनी सांस्कृतिक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी, रुपन्देही

**सेवा करारमा पदपूर्ति सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति: २०७९/१२/१८

लुम्बिनी सांस्कृतिक नगरपालिका अन्तर्गत देहाय बमोजिमका पदहरुमा सेवा करार पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्र (मिति: २०७९/१२/२७) गते तोकिएको ढाँचामा कार्यालय समय भित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र. सं. | विज्ञापन नं. | पद | तह/सेवा समूह | माग पद संख्या | परीक्षा दस्तुर | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ०७/०७९/८० | अ. न. मि. | सहायक चौथो प. हे. न. | ४ | ५०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट ANM विषय उत्तीर्ण गरेको। |
| २ | ०८/०७९/८० | अ. हे. ब. | सहायक चौथो / हे. ई. | खुल्ला २, महिला २ | ५०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट CMA विषय उत्तीर्ण गरेको। |
| ३ | ०९/०७९/८० | अमिन | सहायक चौथो | १ | ५०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट अमिन कोर्ष उत्तीर्ण गरेको। |
| ४ | १०/०७९/८० | हेवी सवारी चालक (दमकल चालक) | श्रेणी विहिन | १ | ४०० | कम्तिमा कक्षा १० उत्तीर्ण गरेको, हेवी सवारी चालक अनुमति पत्र भएको |
| ५ | ११/०७९/०८० | हलुका सवारी चालक (एम्बुलेन्स चालक) | श्रेणी विहिन | २ | ४०० | कम्तिमा कक्षा १० उत्तीर्ण गरेको, हलुका सवारी चालक अनुमति पत्र भएको |
| ६ | १२/०७९/८० | कार्यालय सहयोगी | श्रेणी विहिन | ९ | ४०० | कम्तिमा कक्षा १० उत्तीर्ण गरेको। |

२. उमेर: कम्तिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

३. दरखास्त पाउने/बुझाउने स्थान: लुम्बिनी सांस्कृतिक नगरपालिकाको कार्यालय लुम्बिनी, रुपन्देही।